# ३३ औँ केन्द्रीय सभा र त्यसपछिको केही जिल्लाको मुटु परीक्षण शिविर बारेका अनुभवह'रू

## भाग १ केन्द्रीय सभा

झापा जिल्लाको बिर्तामोडमा २०८१ पुष १३ र १४ गते आयोजना हुने केन्द्रीय सभामा उपस्थितिका लागि बारम्बार पत्र एवं विद्युतीय माध्यमबाट निमन्त्रण गरिरहने मात्र नभई सभास्थलमा हुने व्यवस्था , सभासद्को जिम्मेवारी, व्यहोर्नुपर्ने खर्च, प्रतिष्ठानको औपचारिक पहिरनको सभास्थलमा उपलब्धता तथा केन्द्रीय सभाका कार्यक्रमहरू बारेमा समेत महासचिवले सबै प्रदेश रशाखाहरूलाई जानकारी गराइरहनु भयो। यस कार्यले सबैलाई समयमै सचेत रहन मद्दत पुगेको छ। यो प्रथा आगामी दिनहरूमा पनि कायम रहनु पर्दछ।

केन्द्रीय सभा भव्य एवं व्यवस्थित रूपमा संयोजन गर्न लामो समयदेखि पूर्व तयारीमा जुट्नुभएका हाम्रा पूर्व अध्यक्ष, बलराम न्यौपाने र झापा शाखाका सभापति , सन्तोष अग्रवाल, पूर्व सभापति, कुमारमणि पोखरेल र उहाँहरूको टिमको अनवरत योगदानका कारणले यसपटकको केन्द्रीय सभा उल्लेखनीय सफलताका साथ सम्पन्न हुन सकेको छ। उहाँहरू बधाईका पात्र हुनुहुन्छ।

अन्य व्यवस्थापकीय कार्यमा तल्लिन त हुनुहुन्थ्यो नै काठमाडौँबाट सडकमार्ग हुँदै राति ११ बजे मात्र बिर्तामोड पुगेको टोलीलाई बासको व्यवस्था मिलाउन न्यौपाने र अग्रवालजीहरु तयारी सहित स्वागतका लागि जागा रहनु भएको थियो।

उत्कृष्ट रूपमा सम्पन्न भएका प्रतिष्ठानका केन्द्रीय सभाहरूमध्ये झापा जिल्ला शाखाको आतिथ्यमा सम्पन्न यो सभा पनि एउटा हो। यो सभा धेरै मानेमा उपलब्धिमूलक रह्यो:

- मुलुकको पूर्वीकुनामा अवस्थित बिर्तामोडमा आयोजना गरिएको हुँदा कैयौं शाखाहरूलाई दूरीका हिसाबले अपायक पर्न गएको अनुभूतिहरु विभिन्न शाखाहरूबाट केन्द्रीय सचिवालयले प्राप्त गरेको हुँदाहुँदै पनि २७ जिल्लाका १२४ जना सभासदहरुले भाग लिनु लाई राम्रो उपस्थिति मान्नुपर्छ।
- झापा जिल्लाका दुई नगरपालिका (बिर्तामोड एवं कन्काई) का नगर प्रमुख एवं उपप्रमुख स्तरबाट उदघाटनका अवसरमा सरिक भई सहकार्यको आश्वासन प्राप्त हुनु सुखदायक छ।
- प्रतिष्ठानको अनुभवमा पहिलोपटक केन्द्रीय सभा बस्नु अगाडि नै झापा शाखाको संयोजनमा प्रेस सम्मेलन गरी प्रचारप्रसार गरिएको एउटा राम्रो सोचको अनुकरणीय उदाहरण स्थापित भएको छ।
- केन्द्रीय सभा सम्पन्न भएपश्चात् पनि काठमाडौँ भक्तपुर र झापामै विभिन्न संचार माध्यमद्वारा समाचारहरू प्रसारण भए ।
- पहुँचयोग्य सभास्थल , सभासद्हरूलाई स्वागत र दर्ताका लागि शोभनीय सजावट , माइक तथा अन्य उपकरणहरू, समानान्तर रूपमा बैठकहरू सञ्चालन गर्न पर्याप्त स्थान, स्तरीय आवास एवं राम्रो खानपान र राम्रो उपस्थिति सहितको प्रभात फेरी कार्यक्रम उल्लेख्य रहे।

- कोशी प्रदेश अन्तर्गतका शाखाहरूको लागि भनी तोकिए पनि केन्द्रीय सभामा भागलिन आएका सबै जसो शाखाका प्रतिनिधिहरूले संगठन सुदृढीकरण तालिममा भाग लिए। उक्त तालिममा प्रतिष्ठानका राष्ट्रिय कार्यक्रमहरू, प्रदेश एवं शाखा र इकाइका बारेमा विधिवत कार्यसम्पादनका शैली एवं अधिकार र दायित्वका साथै वित्तीय व्यवस्थापनका विषयमा गहिरो रूपमा छलफल भयो। त्यसैगरी समानान्तर रूपमा सञ्चालन भएको अर्को बैठकमा स्वास्थ्यकर्मीहरूका लागि प्राविधिक तालिम पनि निकै राम्रो अनुभवका साथ सम्पन्न भयो।
- कोशी प्रदेश समितिको भेला आयोजना हुनु एक अर्को उपलब्धि हुन गयो। हालका प्रदेश संयोजक अस्वस्थ भई कार्य सञ्चालन गर्न असमर्थ भएको भनी नयाँ संयोजक चयन गर्न केन्द्रलाई अनुरोध गर्नुभए मुताबिक उहाँकै सल्लाहमा नयाँ संयोजक पहिचान गरी निजकै संयोजकत्वमा सो भेला सम्पन्न भयो। भेलाले नयाँ कार्यसमितिको चयन र संयोजकले उक्त कार्यसमितिका सचिव एवं कोषाध्यक्ष मनोनयन गर्ने कार्य पनि सम्पन्न गर्यो। निज नयाँ प्रदेश संयोजकको मनोनयन सोही दिन साँझ बसेको केन्द्रीय कार्यसमितिले अनुमोदन समेत गरेको छ। यो नयाँ संरचनाले सक्रिय रूपमा कार्य अगाडि बढाउने अपेक्षा गरिएको छ।
- केन्द्रीय सभाको उदघाटन समारोह भव्यताका साथ सम्पन्न भयो।
- प्रतिष्ठानले अर्पण गरेको सम्मान एवं पुरस्कारहरू प्राप्त गर्ने महानुभावहरूले ती सम्मान एवं पुरस्कारको समेत उत्कृष्ट तवरले सम्मान गर्नुभएको महसुस भएको छ। ओरेसन सम्मान प्राप्त गर्नुहुने डाक्टर राजेन्द्र प्रसाद कोजुकाठमाडौँमा अति व्यस्तताका बावजुद बिहान हवाई मार्गबाट झापा आई सम्मान प्राप्ति पश्चात फेरी सोही दिन साँझ काठमाडौँ फर्किनुभयो। पुरस्कार प्राप्त गर्नुहुने अर्का डाक्टर , राजेश शाह ग्रहण गर्नका लागि मात्र जनकपुरदेखि सडक मार्ग भई झापा आउनुभयो। डाक्टर उर्मिला शाक्यले आफ्नो आगमनलाई एकदिन अगाडि सारेर पुरस्कार थाप्न झापा पुग्नुभो , उहाँले आफूले प्राप्त गरेको पुरस्कारबापतको धनराशि रु २५ ,००० बाथरोग निवारण अभियान लाई दान गर्ने बताउनु भएको छ । त्यसैगरी अर्का पुरस्कृत व्यक्तित्व , हरिवंश भेटवाल पनि मकवानपुरदेखि साथीहरूको समूह नै लिएर केन्द्रीय सभामा भाग लिन आउनुभएको थियो।

केन्द्रीय सभा व्यवस्थापनमा झापा जिल्ला शाखाबाट खटिएका व्यक्तिहरूका साथै केन्द्रीय सचिवालय , ललितपुर शाखा र काठमाडौँ शाखाबाट गएका कर्मचारीहरूले समेत उल्लेख्य रुपमा सेवा प्रदान गरे। यसका लागि ती सबैलाई धन्यवाद दिनुपर्दछ।

**आगामी दिनहरूमा ध्यान पुर्याउनुपर्ने केही विषय**

- प्रदेश एवं शाखाहरूको प्रतिवेदन प्रस्तुतिमा एकरूपता ल्याउनका लागि केन्द्रबाट प्रदेश र शाखाका लागि छुट्टाछुट्टै फर्मेट तयार गरी समयमै उपलब्ध गराइएको थियो। तर दुई तिन वटाले बाहेक यसको पालना गरेनन्। तसर्थ,आउँदा दिनमा यसबारे अझै सबैलाई प्रस्ट्याउन जरुरी देखिन्छ।

- केन्द्रीय सभा अगाडि र पछाडि सञ्चार माध्यमहरूमा समाचारहरू प्रकाशित भए तर केही केही विषय उल्टापुल्टा पनि पर्न गएको छ। त्यसैले आउँदा दिनमा एउटा प्रेस विज्ञप्ति नै तयार गरी वितरण गर्ने प्रक्रिया अपनाउनु उचित होला।

- राजुराम मुनकर्मीले सञ्चार माध्यमलाई उपलब्ध गराएको ड्राफ्ट मै गल्ती छ , जस्तै मृगेन्द्र सम्झना चिकित्सा गुठी युवा पुरस्कारको नाम डाक्टर मृगेन्द्र राज पाण्डेकै सहमतिमा 'मृगेन्द्र सम्झना चिकित्सा गुठी मुटुरोगी सहयोग पुरस्कार ' नामाकरण भइसकेको उहाँले हेक्का राख्नुभएन। त्यसैगरी उदघाटन समारोहमा डाक्टर उमेश यादव उपस्थित नै हुनु हुन्थेन र उहाँको सट्टा नेपाल रेडक्रसको झापा शाखाका अध्यक्ष, लोकराज ढकालले मन्तव्य दिनुभएको थियो। डाक्टर पुष्पराज राजकर्णिकारले मन्तव्य दिनुभएको नभई सम्मान र पुरस्कारहरूबारे प्रकाशमात्र पार्नुभएको थियो। मुनकर्मीले यही गल्तीहरू सहितको सम्प्रेषण प्रतिष्ठानका भाइबरहरूमा पनि सेयर गर्नुभएको छ। उहाँले यो केन्द्रीय सभाबारे आलेख नै तयार गर्छु भन्नुभएकोले त्यसबखत ध्यान दिनुहुने नै छ।

- सभासद्हरूको गुनासो डाक्टर पुष्पराज राजकर्णिकार प्रति पनि थियो। अरुलाई घडीको सुई हेरी प्रस्तुतिबाट रोक्ने उहाँको उचित प्रक्रिया उहाँले आफैंले भने पालना गर्नुभएन। उदघाटन समारोहमा सम्मान तथा पुरस्कारहरूबारे प्रकाश पार्न उहाँलाई पाँच मिनेटको मात्र समय दिइएकोमा त्यसको कैयौं गुना बढी समय उहाँले लिनुभयो रे।

- केन्द्रीय सभा समापन पश्चात पौष १४ गते नै महासचिवले उक्त सभामा २८ जिल्लाबाट प्रतिनिधित्व भयो भनी प्रतिष्ठानका सबै भाइबर ग्रुपहरूमा सेयर गर्नुभयो। यही संख्या सञ्चारमाध्यमहरूले पनि छापेका छन्। तर वास्तवमा २७ जिल्लाबाट मात्र प्रतिनिधित्व भएको रहेछ। यसरी आधिकारिक रुपमा तथ्याङ्क प्रस्तुत गर्दा आउँदा दिनमा ध्यान दिनै पर्ने देखिन्छ।

- महासचिवले बारम्बार प्रस्ट्याउँदा समेत केही सभासदहरुले झापामा आफूले बासको लागि पैसा तिर्नु नपर्ने भने अड्डी लिएको देखियो। पछि सबैले आआफुले नै तिर्ने गरेको भन्ने थाहा पाएरउहाँहरुले आफै मनन गरी खर्च बेहोर्नुभएछ। यस्तो समस्या आउँदा दिनमा फेरि उब्जनु राम्रो हुन्न।

- अर्को केन्द्रीय सभा पनि काठमाडौं उपत्यका बाहिर नै गर्नुपर्ने हुँदा स्थान चयन गर्दा सकभर अधिकांशलाई पायक पर्ने गरी जिल्ला चयन गर्नु उपयुक्त हुन्छ होला।

## भाग २ मुटु परीक्षण शिविर

**इलाम**

बिर्तामोडमा केन्द्रीय सभा सकिए लगतै पौष १४ गते नै डाक्टर प्रकाश राज रेग्मी को नेतृत्वमा ८ जना डाक्टर सहित १५ जनाको टोली अन्तरक्रिया एवं मुटु परीक्षणको लक्ष्य लिई इलामतर्फ प्रस्थान गर्यो।भोलिपल्ट बिहानै इलाममा उपनगर प्रमुख समेतको उपस्थितिमा ४२ जना स्थानीय व्यक्तिहरू माझ

मुटुरोग बारे उपलब्धिमूलक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो। स्थानीयका जिज्ञासाहरूलाई आठैजना डाक्टरहरूले पालैपालो सम्बोधन गर्नुभएको थियो।

**ताप्लेजुङ**

इलाममा अन्तरक्रिया पश्चात् लगत्तै टोली ताप्लेजुङ तर्फ करिब ७ घण्टा लामो सडक मार्गबाट प्रस्थान गरेको थियो। भोलिपल्टै अर्थात् १६ गते टोलीलाई दुई समूहमा विभाजन गरी स्कुले विद्यार्थीहरूको मुटु परीक्षणमा जुटेको थियो। त्यहाँ जम्माजम्मी ४ ,२४७ जना विद्यार्थीहरूको मुटु परीक्षण गर्दा ३७१ जनाको Echo पनि गर्नुपर्यो। यो परीक्षण बाट १० जना विद्यार्थीमा RHD र २१ जनामा CHD का साथै अन्य रोग दुई जनामा भेटिएको थियो। जसमध्ये , १० जनालाई भने शल्यक्रिया गर्नुपर्ने पाइएको छ। सो सम्बन्धमा अभिभावक एवं स्कुलका प्रधानाध्यापकहरुलाई जानकारी गराइएको छ।

ताप्लेजुङको सदरमुकाम फुङलिङको नगरप्रमुख र उक्त जिल्लाका प्रमुख जिल्ला अधिकारीसँग सामूहिक रुपमा हाम्रो शाखाको समेत उपस्थितिमा सहकार्यका लागि उपलब्धिमूलक छलफल भयो। उहाँहरुले प्रतिष्ठानको यो कार्यलाई सराहना गर्दै रोग देखिएका विद्यार्थीहरूलाई सहयोग उपलब्ध गराउने र हाम्रो शाखासँग सहकार्य गरी मुटुरोगका विषयमा जनचेतना जगाउने कार्यक्रमहरू राख्ने आश्वासन दिनुभएको छ।

केन्द्रीय सभामा यदाकदा भाग लिँदै आएको यो शाखामा हाल नयाँ कार्यसमिति गठन भएको छ र यो समितिले कार्य थालेपछि देखिने गरी कामहरू भएका रहेछन्। यो शिविरको व्यवस्थापनमा पनि शाखाका साथीहरूले अति नै राम्रो तवरले खट्नु भई निर्विघ्न तवरले कार्य सम्पन्न गर्नमा सहयोग जुटाउनुभयो ।

**पाँचथर**

ताप्लेजुङको शिविर सम्पन्न गरी सोही दिन अपरान्ह करिब ३ घण्टा लामो सडक यात्रा सम्पन्न गर्दै टोली पाँचथर पुगेको थियो। यहाँ पनि दुई समूहमा विभाजित टोलीले कुल ४ ,९७९ जना विद्यार्थीहरूको परीक्षण गरी तीमध्ये ३३१ जनाको Echo पनि गरेको थियो। त्यहाँ ११ जनामा RHD र १६ जनामा CHD पाइयो। एकजनाको चाहिँ शल्यक्रिया नै गर्नुपर्ने रहेछ। यो बारे अभिभावकलाई जानकारी गराइएको छ।

पाँचथरमा हाम्रो तदर्थ समिति मात्र छ। यहाँ पनि नगरप्रमुख र उपनगर प्रमुखसँग एकसाथ भेट गरी हाम्रो तदर्थ समितिको संयोजक समेतको उपस्थितिमा राम्रो छलफल भयो। स्थानीय सरकारले रोग भेटिएकालाई सघाउने, मुटु रोगबारे प्रचारप्रसार गर्ने, सोका लागि आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गर्ने र हाम्रो तदर्थ समितिलाई शाखामा परिणत गराउन समेत सहयोग गर्ने वचन दिनुभएको छ। तदर्थ समितिका हालका संयोजकले एक महिनाभित्रै आवश्यक सर्तहरू पूरा गरी शाखामा परिणत गर्दै एक क्रियाशील व्यक्तिलाई नेतृत्व सुम्पने वाचा गर्नुभएको छ।

**इलाम**

पाँचथरको कार्यक्रम सकिए लगत्तै टोली अर्को ३ घण्टाको सडक यात्रा पार गर्दै इलाम आइपुग्यो। भोलिपल्टै अर्थात् १८ गते दुई टोलीले गरी त्यहाँका ३ ,८८६ जना विद्यार्थीहरूको मुटु परीक्षण गर्यो , जसमध्ये ४०३ जनाको Echo पनि गरिएको थियो। परीक्षण गर्दा ३ जनामा RHD र १८ जनामा CHD फेला पर्यो, जसमध्ये ८

जनाको शल्यक्रिया नै गर्नुपर्ने रहेछ। यो बारेमा त्यहाँ उपलब्ध अभिभावक र स्कुलका प्रधानाध्यापकलाई समेत जानकारी गराइएको छ।

इलामका नगरप्रमुख हाल बाहिर रहनुभएकोले त्यहाँका जिल्ला समन्वय समितिका प्रमुख , नगरपालिकाका कार्यकारी अधिकृत र हाम्रो शाखाको प्रतिनिधिको उपस्थितिमा सहकार्यबारे राम्रो छलफल भयो। हाम्रो शाखासँग जोडिएका व्यक्तिहरू बारे इलाम जिल्लाभर राम्रो छाप रहेछ र उहाँहरूसँग स्थानीय सरकारले सहकार्य गर्न अभिरुचि पनि राखेको देखियो। तसर्थ, यो जिल्लामा उपलब्धिमूलक कार्यहरू हुने अपेक्षा राख्न सकिन्छ। यो शिविरको व्यवस्थापन गर्न हाम्रा शाखाका साथीहरू निकै क्रियाशील भएर लाग्नुभएको रहेछ व्यापक रुपमा प्रचारप्रसार पनि गर्नुभएको रहेछ र शिविर व्यवस्थापनमा पनि सक्रिय रुपमा साथै रहनुभयो।

हाम्रो शाखाका सभापति अस्वस्थ भई उपचारका क्रममा जिल्ला बाहिर रहनुभए पनि शिविरका अवसरमै बारम्बार भिडियो कल गर्दै भइरहेको कार्यबारे जानकारी लिइरहनु भएको थियो। निज सभापतिले नगरको केन्द्रमै रहेको आफ्नो घरको एकतला निःशुल्क रुपमा शाखालाई प्रयोग गर्न दिनुभएको रहेछ। सो स्थानमा हाम्रो शाखाको साइनबोर्ड पनि टाँसिएको छ। टोलीले शाखाको कार्यालयको अवलोकन पनि गर्यो।

यसरी ३ वटै जिल्लामा गरी कुल १३ ,०९२ छात्र छात्राहरूको मुटुपरीक्षण गरिएछ। जसमध्ये १ ,१०५ जनाको Echo परीक्षण गरिएको थियो। जम्मा २४ जनामा RHD र ५५ जनामा CHD र अन्य रोग दुई जनामा भेटिएको छ। कुल १९ जना को शल्यक्रिया गर्नुपर्ने पाइएको छ। टोलीले औषधि सेवन गर्नुपर्नेहरूका लागि आफू साथ लगेको औषधिहरू निःशुल्क रुपमा वितरण पनि गरेको छ।

समष्टिमा, मुटुरोग शिविर र संगठन विस्तार एवं सक्रिय बनाउन भएका पहलहरू उपलब्धिमूलक रहेको टोलीको निचोड छ।

**आगामी दिनका लागि मनन गर्न उपयुक्त हुनेसुझावहरु**

- ताप्लेजुङ र इलामको सक्रियतालाई निरन्तरता दिन केन्द्रका तर्फबाट समेत हौसला दिइरहने
- प्रदेश संयोजक एवं केन्द्रका तर्फबाट समेत पाँचथरमा बारम्बार अनुगमन गरी शाखामा परिणत हुने कार्यलाई निश्चितता दिने
- लामो लामो सडक यात्रा सहित चार दिनमै तीनवटा जिल्लामा शिविर सम्पन्न गर्ने जस्तो कार्यक्रम राख्नुहुन्नथ्यो कि?